# लोक सेवा आयोगको सूचना

## केन्द्रीय कार्यालय, अनामनगर

## (सूचना तथा प्रकाशन शाखा)

## प्राविधिक खरिदार वा सो सरह पदको लागि दरखास्त दिने म्याद थप गरिएको सूचना

**सूचना नं.: ८७४/०७१-७२**

आयोगको मिति २०७१।१२।२५ गते बुधबारको सूचनापत्र (Bulletin) तथा गोरखापत्रमा प्रकाशित स्वास्थ्य सेवाका चौथो तह तथा राजपत्र अनंकित द्वितीय श्रेणी, खरिदार वा सो सरह (प्राविधिक) पदका विज्ञापनहरुको दरखास्त दिने अन्तिम मिति २०७२।१।१५ सम्म साथै दोब्बर दस्तुर तिरी दरखास्त दिने अन्तिम मिति २०७२।१।२२ सम्म कायम गरिएकोमा प्राकृतिक प्रकोपजन्य विनाशकारी महाभूकम्पका कारण जनधनको क्षति भई राष्ट्रिय विपद्को समेत घोषणा भएको तथा भूकम्प आउने क्रम समेत नरोकिएका कारण सम्भावित जोखिम तथा सुरक्षा स्थितिलाई मध्यनजर गर्दै दोब्बर दस्तुर नलाग्ने गरी दरखास्त दिने अन्तिम मिति २०७२।१।२९ सम्म कायम गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**Website: www.psc.gov.np**